# महिला लघुवित्त वित्तीय संस्था लि.

## छैटौं वार्षिक साधारण सभा २०८०
## प्रतिवेदन

**Mahila Laghubitta Bittiya Sanstha Ltd. (MLBSL)**
Sanga , Kavre, Nepal
Post Box No: - 19270 Phone No: - 011-661329
E-mail:- mlbsl.nepal@gmail.com, Website: - www.mlbsl.com.np

## महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको
## ६ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

### १. प्रारम्भिक :

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/११/०३ गते बसेको ७१ औ सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा तोकिए बमोजिम संस्थाको छैटौ वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा मिति २०८०/११/२७ गते आइतबार यस संस्थाका अध्यक्ष श्री तारा कुँवर ज्यूको सभापतित्वमा पुर्व सुचित विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम वित्तीय संस्थाको छैटौ साधारण सभा सु-सम्पन्न भयो ।

### २. सभाको मिति, स्थान र समय :

मिति : २०८० फाल्गुन २७ गते आइतबार ।

स्थान : हिमालयन दृश्य रिसोर्ट धुलिखेल काभ्रे ।

समय : बिहान ११.०० बजे

कार्यक्रम संञ्चालक : कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपाने ।

### ३. सभाको वैधानिकता :

**सभाको बारेमा सार्वजनिक सूचना :**

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाई कम्पनी ऐनको दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) वमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुलाई जानकारीको लागि राष्ट्रिय स्तरको नागरिक दैनिक पत्रिकामा मिति २०८० फाल्गुन ०४ गते प्रथम पटक र अन्नपुर्ण दैनिकमा दोस्रो पटक मिति २०८० फाल्गुन १९ गते रित पूर्वको सुचना प्रकाशित गरिएको तथा आ.व २०७९/८० को वार्षिक प्रतिवेदन, सभाको सूचना तथा प्रोक्सी फारामहरु यस संस्थाको website www.mlbsl.com.np मार्फत सार्वजनिक गरि सकिएको व्यहोरा कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेबाट जानकारी गराइयो ।

### ४. उपस्थिति :

कम्पनीको छैटौ साधारण सभामा शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

क) सञ्चालकहरुको उपस्थिति :

| क्र.स | विद्यमान सञ्चालकहरुको नाम | प्रतिनिधित्व | ग्रहण गरेको शेयरकित्ता |
|---|---|---|---|
| १ | श्री तारा कुँवर | महिला अधिकार तथा विकास केन्द्र र व्यक्तिगत | १,४१,४१५.५३ |
| २ | डा.इमान सिंह गुरुङ | व्यक्तिगत | ३,१५,४६५.६३ |
| ३ | श्री सुभाष जमरकटेल | प्रतिनिधि/माछापुच्छ्रे बैक लि. | ३,०४,५८७.५० |
| ४ | श्री माया भण्डारी | व्यक्तिगत | १०,८७८.१३ |
| ५ | श्री रोजी सिग्देल | सर्वसाधारण | ३२८.५२ |
| ६ | श्री कमल कुमार भारती | सर्वसाधारण | ४३५.१३ |
| ७ | श्री कृष्ण मुरारी घिमिरे | स्वतन्त्र सञ्चालक | - |

ख) अन्य पदाधिकारी तथा एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.स | अन्य पदाधिकारी | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री तुल्सी थापा | अध्यक्ष | महिला अधिकार तथा विकास केन्द्र काठमाडौ |
| २ | श्री कृष्ण प्रसाद न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड साँगा काभ्रे । |
| ३ | श्री पुजन खड्का | | नेपाल एसवीआई मर्चेन्ट लिमिटेड ठमेल, काठमाडौ. । |
| ४ | श्री भक्तिराम घिमिरे | कानुनी सल्लाहकार | |
| ५ | श्री सुभाष कडेल | बाह्य लेखापरिक्षक | पि वाईसी एण्ड एसोसिएस् चार्टर्ड एकाउन्टेस् |

ग) कर्मचारीहरु

| क्र.स | कर्मचारीको नाम | पद | क्र स | कर्मचारीको नाम | पद |
|---|---|---|---|---|---|
| १ | श्री दिवश राज ओली | ना.का.अ | २ | श्री हरि प्रसाद गौतम | स.का.अ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री बल बहादुर राना | प्रबन्धक | ४ | श्री बुद्धि सागर न्यौपाने | स.प्रबन्धक |
| ५ | श्री प्रवीण कुमार माझी | स.प्रबन्धक | ६ | श्री नारायण रोका | ब. अधिकृत |
| ७ | श्री सुमित बास्कोटा | व.अधिकृत | ८ | श्री ममिला पौडेल | व.अधिकृत |
| ९ | श्री रमेश अधिकारी | व.अधिकृत | १० | श्री मनोज साह | व.अधिकृत |
| ११ | श्री दिपनयना दिस्ती | अधिकृत | १२ | श्री अन्जना घिमिरे | अधिकृत |
| १३ | श्री सावित्री डुम्राकोटी | अधिकृत | १४ | श्री बिमला थापा मगर | अधिकृत |
| १५ | श्री सागर पौडेल | अधिकृत | १६ | श्री रबिन दाहाल | अधिकृत |
| १७ | श्री निशा रिमाल | कअधिकृत | १८ | श्री अनिता पोखरेल | क.सहायक |
| १९ | श्री गोविन्द प्रसाद थारु | क.सहायक | २० | श्री पुण्यवती के.सी. | का.सहयोगी |
| २१ | श्री बिना बुढा | का.सहयोगी | २२ | श्री राधिका पण्डित श्रेत्री | का.सहयोगी |

**घं) शेयरधनी उपस्थिति विवरण :**

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : २० (बीस)

सर्वसाधारण शेयरधनी संख्या : २७९४० (सत्ताइस हजार नौ सय चालिस मात्र) रहेकोमा सभामा निम्न बमोजिमको उपस्थिति भयो ।

स्वयं उपस्थिति संख्या : १३०
प्रतिनिधी मार्फत उपस्थिति संख्या : ३
जम्मा उपस्थिति संख्या : १३३
प्रमुख अतिथि : श्री तुल्सी थापा (अध्यक्ष महिला अधिकार तथा विकास केन्द्र) काठमाडौं ।
पर्यवेक्षकको रुपमा उपस्थित : श्री पुजन खड्का एसविआई क्यापिटल मर्चेण्ट काठमाडौ ।

**ङ) गणपुरक संख्या** : (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)

यस साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८० फाल्गुन १४ गते कायम शेयरधनीहरु तथा उनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.स | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक | २० | १३,०५,३७५ | |
| २ | सर्वसाधारण | २७,९४० | ८,७०,२५० | |
| | जम्मा | २३,९३७ | २१,७५,६२५ | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कम्पनी

सचिव श्री कृष्ण प्रसाद न्यौपानेबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मन्जुर गर्नुभयो । सभामा कुल चुक्ता पुँजी २१ लाख ७५ हजार ६ सय २५ कित्ताको प्रतिनिधित्व गर्ने २७,९४० जना शेयरधनीहरु मध्ये १३३ जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा सञ्चालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा सञ्चालन भयो ।

| शेयर तथा शेयर धनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या | २१,७५,६२५ | १०,७८,७२२ | २,३२,७९१ | १३,११,५१३ | ६०.२८ % |
| शेयरधनी संख्या | २७,९४० | १३० | ३ | १३३ | ०.४८ % |

## ५. सभामा प्रस्तुत भएका छलफलका विषयहरु :

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम रहेका छन ।

**छलफलका विषय सुचीहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्युले पेश गर्नुहुने आ.व.२०७९/८० को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०७३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधाको निर्धारण गर्ने ।
(यस प्रयोजनका लागि वर्तमान लेखापरिक्षक श्री पीवाईसी एण्ड एसोसियट्स चार्टड एकाउन्टेण्टस काठमाडौंलाई पुनःनियुक्त हुन सक्नेछन् ।)

४. यस वित्तीय संस्थाको “क”समुहमा रहेका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सच्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. यस वित्तीय संस्थाले अन्य इजाजतप्राप्त “घ”बर्गका लघुवित्त संस्थाहरुलाई गाभिने/गाभ्ने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगााडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङकन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारी पत्र **Memorandum of Understanding**) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको व्यक्तिलाई पुर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धमा ।

३ वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा नियमनकारी निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पुर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**६. सभाको सभापतित्व तथा आसन ग्रहण :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) बमोजिम र यस विद्धीय संस्थाको नियमावली १९(१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यबस्था भए बमोजिम यस बार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४(१) कम्पनीको नियमावलीमा भएको व्यबस्था अनुसार कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले कार्यक्रम सञ्चालन गर्नु भयो र कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री तारा कुवर ज्युलाई सभाको सभापतित्वको आसन ग्रहणका लागि अनुरोध गर्दै सभापतित्वको आसन ग्रहण गराउनुभयो । प्रमुख अतिथिमा महिला अधिकार तथा विकास केन्द्रकी अध्यक्ष श्री तुल्सी थापा ज्यु लाई कार्यक्रमको प्रमुख अतिथिको आसन ग्रहण गराउनु भयो । त्यस्तै सबै सञ्चालक ज्यूहरुलाई मञ्चमा आसन ग्रहण गराउनु भयो ।

**७. सभाको औपचारिक उद्घाटन :**

सभाको औपचारिक उद्घाटनको लागि प्रमुख अतिथि श्री तुल्सी थापा ज्युबाट पानसमा बत्ती बाली सभाको उद्घाटन भयो । प्रमुख अतिथीलाई खादा, ब्याच तथा माला लगाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुवर ज्यूले सम्मान गर्नु भयो । साथै महिला कर्मचारीहरु ममिला पौडेल, विमला थापा, निशा रिमाल र अनिता पोखरेलले मञ्चमा आसन ग्रहण गर्नु हुने सबै सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत तथा सबै मञ्चमा आसिन महानुभावहरुलाई खादा तथा माला र ब्याच लगाएर स्वागत गर्नु भयो ।

**८. राष्ट्रिय गान :**

राष्ट्रप्रति सम्मान स्वरुप सम्पूर्ण उपस्थित महानुभावहरुले राष्ट्रिय धुन बजाएर राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

**९. वित्तीय संस्थाका पृष्ठभुमि तथा हालसम्मको प्रगति विवरण :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेले हालसम्म वित्तीय संस्थाले गरेको उपलब्धी कार्य प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो ।

**१०. स्वागत मन्तव्य :**

सभापतिको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले उपस्थित सञ्चालक समितिका सदस्य शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत कार्यक्रमको लागि माछापुच्छ्रें बैकबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री सुभाष जमरकटेल ज्यूले सम्पुर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट स्वागत गर्नुभयो ।

**११. छैटौ वार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको काम कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री तारा कुवर ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दे वित्तीय संस्थाको आ.व २०७९/८० को आफ्नो मन्तब्य सहित वार्षिक प्रविवेदन पढेर सुनाउनु भयो ।

त्यस पछि लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ गतेबाट २०८० आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब सोही अवधीको नगद प्रवाह हिसाव सभा समक्ष छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभयो । आ.व २०७९/८० मा गरेको प्रगति तथा आ.व २०८०/८१ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नु

भयो । अन्त्यमा, धन्यवाद दिदै शेयरधनीको तर्फबाट कुनै जिज्ञासा भए तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

१२. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :**

शेयरधनीका तर्फबाट व्यक्त गर्नु भएका जिज्ञासा, राय र सुझावको मुलभुत आशयहरु

१) निरुपमा गुप्ता : काभ्रे

क. संस्थाको आगामी Strategy, Planning, Investment Policy के छ ?

ख. कर्मचारी खर्चमा बृद्धि भईरोखेको छ कम भए राम्रो हुने थियो ।

ग यस बर्ष किन लाभाश नबाढेको ?

घ सामाजिक उत्तरदायित्वकोष के मा खर्च गर्नु भएको छ ? अशक्त र असहायहरुको शिक्षा दिक्षामा उक्त कोषबाट खर्च गर्न अनुरोध गरेको ।

ङ बाहेय अवस्थाको कारणले खराब कर्जा बढेको हुदाँ NPL मा बृद्धि भएको सो घटाउनको लागि आवेक हैन विवेकको प्रयोग गरी काम गर्ने सुझाव ।

च Nepse ले G class मा categorise गरेको हुदाँ आवश्यक मापदण्ड पुरा गर्ने सुझाव

१३. **सञ्चालक श्री सुभाष जमरकटेलको तर्फबाट प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा राय तथा अमुल्य सुझाव प्रति सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री सुभाष जमरकटेलले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस महिला लघुवित्त वित्तीय संस्था लिमिटेडलाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा शेयरधनी महानुभावहरु तथा विज्ञहरुबाट प्रस्तुत गर्नुभएको महत्वपुर्ण सुझाव र जिज्ञासाले संस्थाको प्रगतिमा कोशेढुंगा सावित हुन सक्ने हुनाले शेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन संस्थाको काम प्रति प्रतिबद्ध र कटिबद्ध हुने कुरा व्यक्त गर्नुभयो । देशमा हाल बैकिङ क्षेत्रले भोग्नु परेको समस्या र चुनौतीका वावजुद पनि लामो समय देखि अनुभव बटुलेका सञ्चालक समुह र व्यवस्थापन समुहले संस्थालाई अब्बल र सब्बल बनाउन प्रयासरत रहेको र निरन्तर संस्थाको प्रगतीमा लागिरहने कुरा व्यक्त गर्नुभयो । शेयरधनीका तर्फबाट व्यक्त गर्नु भएका जिज्ञासा, राय, टिप्पणी र सुझावहरुको मुलभुत आशयहरु उपर पालैपालो जवाफ दिइएको थियो ।

१४. **सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमूल्य सुझाव सल्लाहलाई संस्थाले उच्च प्राथमिकता साथ कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सुचित प्रस्तावहरुलाई क्रमश पारित गरिदिन अध्यक्ष ज्यु ले अनुरोध गर्नुभयो । सबै प्रस्ताव उपर सभाका शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिमको पारित गरियो ।

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट **अध्यक्ष श्री तारा कुवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. आर्थिक वर्ष ०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक पिवाईसी एण्ड एसोसिएट्सबाट लेखा परिक्षण भई आएको लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

३. आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा लेखापरीक्षण समितिका संयोजक श्री सुभाष जमरकटेल ज्यूले आर्थिक वर्ष २०८०/८१ को लागि यस कम्पनीको लेखापरीक्षण सम्पन्न गर्नको लागी श्री रिजाल एस.एसोसिएट्स,चार्टर्डएकाउन्टेन्ट्स (RijalS.Associates,Chartered Accountants) बालाजु, काठमाडौंलाई कर सहित

रु.३,३९,००००/(अक्षेरेपी रु.तिन लाख उनान्चालिस हजार) मात्र लेखापरीक्षण शुल्क र अन्य दैनिक भ्रमण खर्च वित्तिय संस्थाको नियमानुसार भुक्तानी गर्ने गरी लेखापरिक्षकको रुपमा नियुक्ति गरी निजलाई वैधानिक लेखा परीक्षण, कर लेखापरीक्षण, लङफर्म लेखापरीक्षण र प्रमाणिकरण शुल्कको पारिश्रमिक स्वरुप कर सहित बार्षिक पारिश्रमिक उपलब्ध गराउन सभा बाट सर्वसम्मतले पारित गरियो ।

**ख) विशेष प्रस्तावहरु**

१. यस वित्तीय संस्थाले अन्य इजाजतप्राप्त "घ"बर्गका लघुवित्त संस्थाहरुलाई गाभिने/गाभ्ने,प्राप्ति एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङकन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने,प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understandingतर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको व्यक्तिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बिशेष प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

२. वित्तीय संस्थाका सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा वृद्धि गर्नका लागि वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को दफा ३२ (ख) मा संशोधन गर्ने सम्बन्धी तपशिल बमोजिमको सञ्चालकहरुको बैठक भत्ता र अन्य सुविधा बापत प्रति बैठक भत्ता अध्यक्षको रु.७,५००/र प्रति सञ्चालकको रु.६,५००/ र अन्य सुविधामा इन्धन, इन्टरनेट र पत्रपत्रिका वापत प्रति महिना अध्यक्षको रु.६,०००/र प्रति सञ्चालकको रु.५,०००/उपलब्ध गराउन विशेष प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

<u>तपशिल :</u>

महिला लघुवित्त वित्तीय संस्था लि.को नियमावलीमा प्रस्तावित संशोधन सम्बन्धी प्रस्तावहरुको तीन महले विवरण ।

| क्र. सं. | दफा | हालको व्यवस्था | अव हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ३२ | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता अध्यक्षले रु.६,०००। (अक्षेरेपी छ हजार मात्र) र अन्य सञ्चालक रु.५,०००। (अक्षेरेपी पाँच हजार मात्र) हुनेछ । | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले रु.७,५००/(अक्षेरेपी सात हजार पाँच सय मात्र) र अन्य सञ्चालक रु.६,५००.। (अक्षेरेपी छ हजार पाँच सय मात्र) हुनेछ । | समय अनुकुल हुने गरी अध्यक्ष तथा सञ्चालकले पाउने सुविधा संशोधन तथा थप गर्न आवश्यक भएकोले । |
| | | (घ)अध्यक्षले पाउने मासिक इन्धन/पत्रपत्रिका तथा संचार खर्च रु.४,००० (अक्षेरेपी चार हजार मात्र) र तथा अन्य सञ्चालकले पाउने मासिक इन्धन/पत्रपत्रिका/सञ्चारखर्च रु.३,०००। (अक्षरेपी तीन हजार मात्र) हुनेछ । | (घ)अध्यक्षले पाउने मासिक इन्धन/पत्रपत्रिका तथा संचार खर्च रु.६,००० (अक्षेरेपी छ हजार मात्र) र तथा अन्य सञ्चालकले पाउने मासिक इन्धन/पत्रपत्रिका/सञ्चारखर्च रु.५,०००। (अक्षरेपी पाँच हजार मात्र) हुनेछ । | समय अनुकुल हुने गरी अध्यक्ष तथा सञ्चालकले पाउने सुविधा संशोधन तथा थप गर्न आवश्यक भएकोले । |

महिला लघुवित्त वित्तीय संस्था लि. २०७५

३. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतले पारित गरियो ।

ग) **विविध :**

विविध विषय अर्न्तगत यस छैटौ वार्षिक साधारण सभाको निर्णय आधिकारिताको लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गर्न सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

## १५. निर्वाचन सम्बन्धी काम कार्यवाहीको विवरण :

संस्थापक समूहबाट सञ्चालक निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार नै निर्वाचन सम्बन्धी कार्यको सम्पुर्ण प्रकृया पुरा गरिएको प्रमुख निर्वाचन अधिकृतले सभा समक्ष जानकारी गराउनु भयो । जस अनुसार मतदाता नामावली प्रकाशन,मतदाता नामावली उपर दावी विरोध,अन्तिम मतदाता नामावली प्रकाशन गरिएको र उम्मेदवारको मनोनवयन दर्ता गर्ने कार्यक्रम अनुसार तोकिएको समयवधिमा ४ जना संस्थापक शेयरधनीहरु क्रमश श्री तारा कुवँर, श्री माया भण्डारी महिला अधिकार तथा विकास केन्द्रबाट प्रतिनिधित्व हुने गरी र श्री माच्छापुच्छ्रे बैक लिबाट श्री सुभाष जमरकटेल र व्यक्तिगत तर्फबाट डां इमान सिह गुरुङ.उम्मेदवार परेको मनोनयन पत्र दर्ता दाखिला भएको र दावी विरोधको समयमा कुनै दावी विरोध नपरेको व्यहोरा प्रमुख निर्वाचन अधिकृतले सभा समक्ष जानकारी गराउनु भयो । यसरी निर्वाचन गर्नुपर्ने सञ्चालक पद ४ का लागी अन्तिम उम्मेदवारको रुपमा ४ जना उम्मेदवार मात्र कायम रही सो संख्या बराबर भएकोले निर्वाचन सम्बन्धी मतदानको प्रकृया पुरा गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

## १६ निर्वाचन परिणामको घोषणा :

निर्वाचन प्रकृया पुरा गरिरहनु नपर्ने भएको हुदाँ प्रमुख निर्वाचन अधिकृतले संस्थापक शेयरधनीहरु क्रमश श्री तारा कुवँर, श्री माया भण्डारी (महिला अधिकार तथा विकास केन्द्रबाट प्रतिनिधि) श्री माच्छापुच्छ्रे बैक लि बाट श्री सुभाष जमरकटेल र व्यक्तिगत तर्फबाट डां इमान सिह गुरुङ. निर्विरोध निर्वाचित भएको घोषणा सभामा जानकारी गराउनु भयो । नवनिर्वाचित सञ्चालकहरुलाई अवीर माला, खादा र प्रमाण पत्र वितरण सम्पन गराई स्वागत गर्नु भयो । तत्पश्चात निर्वाचन अधिकृतले सभाको बांकी काम कार्यवाहीका लागि कार्यक्रम सभा हस्तानन्तरण गर्नुभयो ।

## १७. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल क्लियरिङ हाउस लि.लगायत बिभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिने निर्णय भयो ।

साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनिय योगदान गर्ने सम्पुर्ण महानुभावहरुलाई समेत धन्यबाद सहित आभार प्रकट गर्ने निर्णय भयो ।

कार्यक्रमका प्रमुख अतिथि श्री तुल्सी थापा ज्यू ले छैटौ वार्षिक साधारण सभा सम्पन्न भएकोमा सबैलाई धन्यबाद दिनुभयो । लघुवित्त संस्था धेरै भए पनि यसले पिछडीएका र आर्थिक रुपमा कमजोर अवस्था भएका महिलाहरुको जीवनमा फरक ढंगले प्रभावकारी काम गर्न सफल भएकोमा खुसी लागेको र संस्थाका सदस्य र कर्मचारीको इमान्दारितार लगनशिलताले सस्थाले प्रगति गरेको बताउनु भयो । उहाँले "विपन्न वर्ग र महिलाको जीवन स्तर माथि उठेन भने देशको विकास हुँदैन" भन्नु भयो । संस्थाले अहिलेसम्म गरेको कामको प्रशंसा गर्दे आउने दिनमा अझै प्रगति गर्नेमा आफू विश्वस्त रहेको बताउनु भयो ।

**१८. प्रशंसापत्र तथा कदरपत्र वितरण :**

वित्तीय संस्थामा केही समय देखि सञ्चालक समितिमा रहि योगदान पुर्याउनु हुने पुर्व स्वतन्त्र सञ्चालक श्री कोपिला पोखरेल ज्यूलाई अध्यक्ष ज्यूबाट सम्मान स्वरुप प्रशंसापत्र कदरपत्र सहित दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

**१९. मायाको चिनो :**

साधारण सभाको प्रमुख अतिथि श्री तुल्सी थापा ज्यूलाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुवँर ज्यूबाट धन्यवाद स्वरुप मायाको चिनो प्रदान गर्नुभयो । साथै महिला अधिकार तथा विकास केन्द्रकी उपाध्यक्ष लामो समयदेखि उक्त केन्द्रमा सकृय रुपमा कार्य गरिरहनु भएको र यस वित्तीय संस्थाको प्रगतिको लागि हरेक क्षेत्रमा राय,सुझाव, सल्लाह र निर्देशन गर्ने श्री उमा भण्डारी ज्यूलाई मायाको प्रदान गर्नुभयो । त्यसै कानुनी सल्लाहकार एवंम् निर्वाचन अधिकृत श्री भक्तिराम घिमिरे ज्यू र बाह्य लेखापरिक्षक श्री सुवास कडेल ज्यूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

२०. कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले आजको यस छैटौं वार्षिक साधारण समावेश विषय सूची अर्न्तगतका सम्पुर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुदै आजको साधारण सभा समापन गरिदिन अध्यक्ष एंव सभापति ज्यूलाई अनुरोध गर्नुभयो ।

**२१. सभाको समापन :**

विषय सुचीमा भएका सम्पुर्ण कार्यहरु समाप्त भएको जानकारी पश्चात अध्यक्ष ज्यूले सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उहाँहरुको अमूल्य समय, सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनु भयो । छैटौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्द पुर्ण सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय, बाह्य लेखापरीक्षक, कानुनी सल्लाहकार विभिन्न संघ-सस्थाका प्रतिनिधिहरु, महिला अधिकार तथा विकास केन्द्रका पदाधिकारी ज्यूहरु, पत्रकार महानुभावहरु, नेपाल प्रहरी, सम्पुर्ण कर्मचारीहरु लगायत दिवाभोजको लागि उपलब्ध गराई सहयोग गर्ने हिमालय दृश्य रिसोर्ट धुलिखेल, काभ्रेलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस छैटौ वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| श्री कृष्ण प्रसाद न्यौपाने<br>कम्पनी सचिव | श्री तारा कुवँर<br>अध्यक्ष |

**सभा सम्पन्न मिति :** २०८० फाल्गुन २७ गते आइतबार (तदनुसार मार्च १०, २०२४)